## मिति २०७९ कार्तिक २९ गतेको कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको निर्णय कार्यान्वयन तथा समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : नव प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : सुझाव कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं ४ : ठेक्का रद्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५: वडा कार्यालय निर्माणको लागि कित्ता एकिकरण गरी रजिष्ट्रेशन पास गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : विविध सम्बन्धमा ।

### निर्णयहरु

निर्णय नं. १ : अघिल्लो कार्यपालिका वैठकबाट भएका निर्णय कार्यान्वयनका सम्बन्धमा आजको यस वैठकमा छलफल एवं समीक्षा गरियो ।

निर्णय नं. २ : बागमति प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७९/०७/१६ गतेको सूचना (IPF/१/२०७९/८०) बमोजिम माग भएको "नवप्रवर्तन साझेदारी कोष कार्यक्रम" मा यस मेलम्ची नगरपालिकाको तर्फबाट "वातावरणमैत्री दिगो फोहोरमैला व्यवस्थापन कार्यक्रम" को प्रस्ताव पेश गर्ने र उक्त साझेदारी कार्यक्रमको प्रस्तावित कुल लागत रु. २,१५,००,०००/- (अक्षरुपी दुई करोड पन्ध्र लाख मात्र) मध्ये मेलम्ची नगरपालिकाले रु. ६५,००,०००/- (अक्षरुपी पैसठ्ठी लाख मात्र) बेहोर्ने । कार्यक्रम स्वीकृत भई कार्यक्रम कार्यान्वयन गर्नु पर्ने अवस्थामा रु. ६५,००,०००/- (अक्षरुपी पैसठ्ठी लाख मात्र) मध्ये रु. ५०,००,०००/- (अक्षरुपी पचास लाख मात्र) यस आव २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको "फोहरमैला व्यवस्थापन" शीर्षक र रु. १५,००,०००/- (अक्षरुपी पन्ध्र लाख मात्र) "विविध सार्वजनिक निर्माण" शीर्षक बाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त भएको सुझावका सम्बन्धमा आजको यस वैठकमा छलफल भई सोको पूर्ण रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : यस नगरपालिका वडा नं १० को सिम्लाबगरमा निर्माणाधिन अवस्थामा रहेको मेलम्ची सिटी पार्क २०७८ साल असार १ गते आएको बाढीबाट पूर्ण रुपमा क्षति भई निर्माणस्थल नै बगरमा परिणत भएको थियो ।मेलम्ची सिटी पार्क निर्माणको लागि सम्झौता गर्ने टक्सार निर्माण सेवाले सो कार्यको लागि लिएको पेश्की वापत बाँकी रकम सोही कम्पनीबाट सम्झौताको क्रममा पेश गरेको बैंक जमानतबाट असुल उपर गरी पेश्की फछ्र्यौट भई सकेकाले सो कम्पनीसँग गरिएको मेलम्ची सिटी पार्क निर्माण सम्बन्धी सम्झौता रद्द गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

<u>निर्णय नं. ५</u> : मेलम्ची नगरपालिका वडा नं. ९ को वडा कार्यालय निर्माणका लागी सोहि वडा निवासी देहाय बमोजिमका व्यक्तिहरुले देहाय अनुसारका कि.नं. र क्षे.फ. का जग्गाहरु निशुल्क रुपमा दिन मञ्जुर गरेको हुँदा उक्त जग्गाहरु कित्ता एकिकरण गरी रजिष्ट्रेशन पास गर्ने प्रक्रियाको लागि जिल्ला मालपोत कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | जग्गाधनीको नाम, थर | ठेगाना | कि.नं. | जम्मा क्षे.फ. | प्राप्त गर्ने क्षे.फ. |
|---|---|---|---|---|---|
| १ | लक्ष्मण गिरी | मे.न.पा-९ | ८९५ | ०-६-३-३ | पुरै |
| २ | डिल बहादुर गिरी | मे.न.पा-९ | ६९० | १-२-१-२ | ०-१२-०-२ |
| ३ | विष्णु कुमारी थापा | मे.न.पा-९ | ५४९ | १-६-०-३ | ०-५-०-३ |
| ४ | खिल कुमारी पुरी | मे.न.पा-९ | ५४७ | ०-१५-०-२ | ०-२-१-३ |
| ५ | गिर बहादुर विष्ट | मे.न.पा-९ | ५४२ | ०-१३-२-३ | ०-३-२-३ |
| ६ | रत्न कुमारी पुरी | मे.न.पा-९ | ५४१ | ०-१५-२-१ | ०-२-०-० |